# दाचुला जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना
# २०६९

## जिल्ला दैवीप्रकोप उद्धार समिति
## दार्चुला



Darchula District
District Head Quarter, Khalanga
Tibbat,China
Tibbat,China
Batadi Darchula Tinker Highway
District Agricuture Road Networks
India
India
Bajhang
Batadi
Byas
Sunsera
Ghusa
Earkot
Sitola
Khandeswori
Khalanga
Dhap
Khar
Sifti
Dhulagada
Gulјar
Bhagabati
Malikarjun
Shankarpur
Gwani
Uku
Hunainath
Ranisikhar
Dethala
Seri
Latinath
Dandakot
Boharogaon
Shikhar
Kharkada
Sarmauli
Lali
Chhapri
Kantai

दस्तावेज जिल्ला विपद् पुर्वतयारी तथा प्रतिकार्य योजना, २०६९

प्रकाशक जिल्ला दैवीप्रकोप उद्धार समिति, दार्चुला

सर्वाधिकार जिल्ला दैवीप्रकोप उद्धार समिति, दार्चुला

प्रकाशन

प्राविधिक सहयोग

केयर नेपाल,सामुदायिक ग्रामिण विकास समाज नेपाल,जिल्ला रेडक्रस सोसाईटी दार्चुला

आर्थिक सहयोग

तयारी

मुद्रण

# शब्दसंक्षेप (Abbreviations)

गाविस गाउँ विकास समिति

गैसस गैरसरकारी संस्था

जिविस जिल्ला विकास समिति

नेरेसो नेपाल रेडक्रस सोसाईटी

CERT Community Emergency Response Team

CRRT Community Rapid Response Team

DDC District Development Committee

DDRC District Disaster Relief Committee

DDRT District Disaster response Team

DEOC District Emergency Operation Center

DMC Disaster Management Committee

DTO District Technical Office

DPHO District Public Health Office

DWASHCC District Water, Sanitation and Hygiene Coordination Committee

FCHV Female Community Health Volunteer

GBV Gender Based Violence

HW Health Worker

IEC Information, Education and Communication

IRA Initial Rapid Assessment

MIRA Multi-Cluster Initial Rapid Assessment

MoU Memorandum of Understanding

NFRI Non Food Relief Items

NRCS Nepal Red Cross Society

ORT Oral Re-hydration Therapy

PVCA Participatory Vulnearability and Capacity Assessment

PWD People with Disability

QRT Quick Response Team

RRT Rapid Response Team

SAM Severe Acute Malnutrition

SFP Supplimentary Feeding Programme

SOP Standard Operating Procedures

VDC Village Development Committee

VWASHCC Village Water, Sanitation and Hygiene Coordination Committee

WASH Water Supply, Sanitation and Hygiene Promotion

WDO Women Development Officer

WSSDO Water Supply and Sanitation Division Office

## Contents


परिचय .......... 7
जिल्ला पूर्वर्ततयारी तथा प्रतिकार्य योजनाको उद्देश्य .......... 8
जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्नुका उद्देश्य : .......... 8
योजनाको आवश्यकता तथा महत्व .......... 8
योजनाको सीमा .......... 8
योजना निर्माण प्रक्रिया विधि .......... 9
रणनीति : .......... 9
योजना कार्यान्वयन रणनितिहरु .......... 9
प्रकोप, संकटासन्नता, क्षमता तथा जोखिम विश्लेषण .......... 10
प्रकोपको पहिचान तथा स्तरीकरण .......... 10
प्रकोप स्तरीकरण .......... 10
संकटासन्नता विश्लेषण .......... 10
वाढी तथा पहिरोवाट जोखिम युक्त गा.वि.स. हरु .......... 12
क्षमता विश्लेषण .......... 13
जोखिम विश्लेषण .......... 15
विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना .......... 18
बिषयगत क्षेत्र तथा जिम्मेवार निकायहरु .......... 18
आपतकालीन पूर्वतयारी योजना २०६९ .......... 18
आपतकालीन प्रतिकार्य योजना २०६९ .......... 24
अनुसची १ .......... 29
मानवीय सहायतामा संलग्न साझेदार निकायहरु .......... 29
सूचना, संचार तथा समन्वय क्षेत्र .......... 31
अनुसूची २(ख) .......... 32
खोज तथा उद्धार क्षेत्र .......... 32
अनुसूची २(ग) आपतकालीन आवास तथा गैह खाद्य सामाग्री क्षेत्र .......... 33
अनुसूची २(घ) स्वास्थ्य तथा पोषण क्षेत्र .......... 34
अनुसूची २(ङ) खानेपानी, सरसफाइ र स्वच्छता प्रबर्द्धन क्षेत्र .......... 35
अनुसूची .......... 36
२(च) .......... 36
खाद्य सुरक्षा तथा जीविकोपार्जन क्षेत्र .......... 36
अनुसूची २(छ) .......... 37
आपतकालीन शिक्षा क्षेत्र .......... 37
अनुसूची २( ज) .......... 38
पुर्नस्थापना,पुननिर्माण तथा सामाग्री व्यबस्थापन क्षेत्र .......... 38
अनुसूची .......... 1
२(झ) .......... 1
संरक्षण क्षेत्र .......... 1
व्यवस्थापन तथा समन्वयका लागी समष्टिगत व्यवस्था : .......... 1
पूर्व तयारीका लागी सामान्य सिद्धान्त : .......... 2
विपद् परिस्थिति विश्लेषण : .......... 2
दैवीक प्रकोपबाट भएको क्षेतीको त्रिवर्षिय विवरण .......... 2
प्रस्तुत पुर्व योजना बाट प्राप्त हुन सक्ने नतिजाहरु : .......... 1
श्रोत विश्लेषण .......... 2
दार्चुला जिल्लाको प्रकोप पूर्वतयारीका लागि स्रोत साधन विवरण : .......... 2
प्रकोप पूर्वतयारी योजना .......... 1

# खण्ड १

## परिचय

नेपाल विपद्को दृटिकोणले संकटाभिमुख देशहरुको सुचीमा पर्दछ । नेपालमा विभिन्न समयमा आइपरेका विभिन्न किसिमका संकट तथा विपद्हरुबाट व्यापक रुपमा धनजनको क्षती हुदै आएको छ । गृहमन्त्रालयबाट प्रकाशित तथ्याङ्क अनुसार सन् १९८३ देखि १९९८ को विचको समयमा १८,००० मानिसहरु बेपत्ता भएको जनाएको छ । नेपालको मुख्य विपद्को रुपमा बाढी पहिरो, भुकम्प, खडेरी, झाडापाखाला, महामारी आगलागी हुरीवतास तथा आँधिवेहरी, असिना तथा औद्योगिक दुर्घटनाहरु रहेका छन् । यी मध्ये मुख्य संकट वा विपद्को रुपमा बाढी पहिरो, झाडापाखाला, आगलागी, महामारी र हुरीबतासका घटना नै प्रमुख रहेका छन् । नेपालको कमजोर भू-बनोट, कमलो मध्य पहाड, मौसमी घटनाहरु, मध्यको प्राकृतिक श्रोतको अत्यधिकविनास, अव्यवस्थित वसोवास तथा खेती प्रणाली, तिब्र जनसंख्या बृद्धि, बनजंगल माथिको अतिनिर्भरता, अब्यवस्थित संरचनात्मक बिकास (ग्रामिण सडकहरु तथा पुर्वाधारहरु), जलवायु परिवर्तन,सामना गर्ने क्षमताको कमि तथा जोखिम साथै प्रकोपको प्रभावको बारेमा समुदायमा जनचेतनाकोकमि जस्ता कारणहरुले नेपाल प्राकृतिक विपद्को उच्च जोखिममा रहेको छ । यिनै जोखिमकाअवस्थाहरुलाई मध्यनजर गर्दै नेपाल सरकारले प्रकोपका प्रभावहरुलाई न्यून गर्ने उद्देश्यलाई आफ्नोप्रमुख प्रथमिकताको क्षेत्रमा राखेको छ र सोही अनुरुप योजना तर्जुमा गर्ने तथा बिद्यमान योजनाहरुलाई अद्यावधिक गर्ने कार्यलाई निरन्तरता दिएको छ । यो कार्यकोलागि नेपाल सरकारले बिभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी निकायहरु, नेपाल रेडक्रस सोसाइटी तथा राष्ट्र संघीय संस्थाहरुसँग समन्वय र सहकार्य गरी पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्ने रणनीति अवलम्बन गरेको छ ।

सुदुरपश्चिमाञ्चल बिकास क्षेत्रमा रहेको दार्चुला जिल्ला समुन्द्र सतहवाट ५१० मिटर देखि ७१३२ मिटरको उचाईमा २३२२ बर्ग किलोमिटर भित्रमा फैलिएको छ । यस जिल्लाको कुल जनसंख्या १०४७२९७ (Neapal pupolation survery CBS 2011) रहेकोछ । प्रकोपको दृष्किोणले यो जिल्ला उच्च जोखिम क्षेत्र भित्र पर्दछ किनभने भुगर्भिक वनावटको दृष्टिकोणले यो जिल्लाको हिमालि भुभाग तिव्वतियन प्लेट अन्तरगत रहेको छ र जुन क्षेत्र भुकम्पको अतिसंवेदनशिल क्षेत्र भित्र पर्दछ । यहाँ वेला वेलामा भुकम्पका झट्काहरु आई रहन्छन् । यसैकारणले पनि यो क्षेत्र भुकम्पीय जोखिमका दृष्टिकोणबाट पनि यो क्षेत्र अती संकटासन्न क्षेत्रभित्र पर्दछ ।  बाढि, पहिरो, आगलागी लगायत अन्य प्रकोपका कारण प्रत्येक बर्ष यो जिल्लामा औसत १,००० परिवारहरु अत्यन्त बढी मात्रामा प्रभावित हुने गर्छन् । यस योजनामा कुल जनसंख्याको २५ प्रतिशत (३७,९०५ जना) प्रत्यक्ष प्रभावित हुने पुर्वानुमान गरिएकोछ । त्यस्तै झाडापखाला तथा अन्य सरुवारोगवाट पनि यो जिल्ला त्यत्ति नै मात्रामा प्रभावित बन्ने गरेको छ । बिगतका बर्षहरुको अनुभव तथा बिद्यमान जोखिमको बिश्लेषणका आधारमा जिल्ला दैविप्रकोप उद्धार समितिले बिभिन्न सरोकारवाला निकायहरु तथा मानवीय सहायता प्रदायक संस्थाहरुसँग साझेदारी,सहकार्य तथा समन्वय गरी केयर नेपाल समुदाय सहयोग कार्यक्रमानेपाल रेडक्रस सोसाईटी दार्चुला जिल्लाको प्रबिधिक सहयोगमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०६८ लाई अध्याबधिक गरी यो योजना तयार पारिएको हो । यो योजना कार्यान्वयनमा आएपछि प्रकोप प्रभावित परिवारहरुका आधारभूत आवश्यकताको पूर्ति तथा बाँच्न पाउने अधिकारको केही हदसम्म सुनिश्चितता गर्ने तथा

यस योजनाले समुदाय स्तरमा जोखिमका प्रभावहरु पनि न्यून हुने विश्वास गरिएको छ । दार्चुला जिल्लाको विपद्को इतिहास हेर्ने हो भने विशेष गरी पहिरो तथा आगलागी, खडेरी, हुरीबतास प्रमुख रुपमा देखिन्छ । भुकम्प, झडापाखाला, असिना, भूक्षय आदि यदाकदा भै रहेको देखिन्छ । यति मात्र नभई यस जिल्लाको सम्पूर्ण भु-भागको बनावट भिरालो किसिमको छ । यस्तो बनावटका कारणले बर्षात्मा ठुल-ठुलो पहिरो गई मानवीय तथा विभिन्न किसिमका धनजन, घर जग्गा-जमिन, गाईवस्तु समेत क्षति हुने गरेको छ । एका तिर खहरे खोलाले यस क्षेत्रको माटोलाई बगाएर कृषि उत्पादनमा ह्रास आउने गरेको छ भने अर्को तिर खडेरीको कारणले उब्जनी योग्य भुमिहरु दिन प्रतिदिन मरुभूमिमा परिणत हुदै व्यापक रुपमा भोकमरी हुने स्थिति देखिन्छ । यसका साथै हुरीबतास, भुकम्प, भुक्षय र आगलागीका घटनाहरुले पनि धेरै ठुलो मानवीय क्षति तथा अन्य धनमाल समेत क्षति हुन गई आम रुपमा विपद् पिडितले मात्र नभई सम्पूर्ण दार्चुलावासीले विपद्को ठुलो मार सहन गर्नु परेको कुरा जनमानसलाई थाहै छ ।

समग्रमा हेर्दा मानवीयता नै मानवको लागी पहिलो धर्म हो, विपद्मा परेका लाई यो धर्मको पालना दार्चुलाका सरकारी गैरसरकारी तथा अन्य सरोकारवालाहरुले गरेकै छन् तर पनि यो प्रयास अप्रयाप्त भने भएको देखिदैन । यसको लागी विपद् पिडितका पीडा मि गर्न सबैले हातेमालो गर्दै योजनाबद्ध हुनै पर्ने आवश्यक्ता महशुस गरी दार्चुला जिल्लाको यो एक अभ्यासको थालनी गरिएको छ । यसले दार्चुला जिल्लाका विपद् पिडितहरुको पीडामा मलम र पट्टीको काम गर्नेछ ।

विपद्को समयमा प्रभावित भएका व्यक्ति तथा समुदायलाई विभिन्न किसिमको सहयोगको आवश्यक्ता पर्दछ  र सहयोग कार्यलाई जति सक्दो छिटो र छरितो गराउनु पर्दछ जसले गर्दा थप क्षति हुन बाट बचाउन सकिन्छ । जसका लागी विपद्को योजनाबद्ध व्यवस्थापन आवश्यक पर्दछ । विपद् व्यवस्थापन प्राय: २ चरणमा गरिन्छ । पहिलो चरणमा विपद् अघि गरिने व्यवस्थापन पूर्वतयारी र क्षति न्यूनिकरणका कार्यहरु पर्दछन् भने दोश्रो चरणमा विपद् पछिको उद्धार तथा राहत, पुर्नस्थापना र पुननिर्माण जस्ता कार्यहरु पर्दछन् । विपद् पूर्व गरिने न्यूनिकरण र पूर्वतयारीका कार्यहरुलाई महत्वका साथ कार्यान्वयन गरिनु पर्दछ । तसर्थ यस आकस्मिक योजनाले दार्चुला जिल्लामा बषेनी आइपर्ने पहिरो, आगलागी, भुकम्प, भूक्षय, खडेरी, हुरीवतास र झाडापाखालाका घटनाहरु बाट प्रभावित मानिसहरु तथा समुदायका आवश्यक्ताहरु पूर्ति गर्नका निात्त समयमा नै एकनासको तथा समन्वयात्मक ढंगले मानवीय सहयोग उपलब्ध गराई मानवीय असरहरु कम गर्न महत्वपूर्ण भूमिका रहने कुरामा एकमत भै यो आकस्मिक योजना २०६८ तथार गरिएको छ ।

## जिल्ला पूर्वर्ततयारी तथा प्रतिकार्य योजनाको उद्देश्य

**समष्टिगत उद्देश्य :** विपद्बाट उत्पन्न मानवीय असरहरू न्यूनीकरण गर्नका लागि जिल्लाको प्रतिकार्य क्षमता अभिवृद्धि गर्दै प्रभावितहरूका आधारभूत आवश्यकताहरूलाई समयमा नै प्रभावकारी एवं समन्वयात्मक रुपमा उपलब्ध गराउने कार्यको सुनिश्चितता गर्नु विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०६९ को समष्टिगत उद्देश्य रहेकोछ ।

**निर्दिष्ट उद्देश्य :** विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०६९का निर्दिष्ट उद्देश्यहरु यस प्रकार रहेकाछन्।

- जिल्ला स्थित जोखिममा रहेका गाविसहरुको संकटाभिमुखता विश्लेषण गरी स्थानीय श्रोत साधन र क्षमताको पहिचान गर्ने ।
- जोखिममा रहेका समुदायको सुरक्षित भविष्यको प्रत्याभूतिको लागि विपद्को सामना गर्न जिल्लाको क्षमता अभिवृद्धिमा सहयोग पुऱ्याउने ।
- विपद् व्यवस्थापनको लागि स्थानीय स्रोत, साधन, ज्ञान र सीपको अधिकतम उपयोग गर्दै प्रतिकार्य तथा पूर्वतयारी योजना अनुसार जिल्लास्थित सम्बन्धित निकाय तथा जोखिममा रहेका समुदायको क्षमता अभिवृद्धि गर्ने ।
- विपद् जोखिम न्युनिकरण लगायत आपतकालिन अवस्थामा प्रतिकार्यका गतिबिधिहरुमा एकरुपता ल्याउन र दोहोरोपन हटाई उपलब्ध श्रोत तथा साधनको सदुपयोग गरी समन्वयात्मक तथा पारदर्शी तरिकाले समयमा नै विपद्मा परेका परिवारहरुलाई एकद्धार प्रणाली मार्फत उपलब्ध गराइने मानवीय सहयोगलाई अझ प्रभावकारी बनाउने ।
- जिल्लामा आपतकालिन विपद्कोषको स्थापना गर्ने ।

## जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्नुका उद्देश्य :

यो योजना तयार गर्नुका मुख्य उद्देश्य निम्नानुसार रहेका छन् -

क) दार्चुला जिल्लामा हुनसक्ने दैवी प्रकोप सम्बन्धी विगतको इतिहासको जानकारी लिने,

ख) दार्चुला जिल्लामा हुनसक्ने दैवी प्रकोपका प्रकारको जानकारी लिने,

ग) दार्चुला जिल्लामा हुनसक्ने दैवी प्रकोपका कारणहरु पत्ता लगाउने,

घ) दार्चुला जिल्लामा हुनसक्ने दैवी प्रकोप सम्बन्धी हुने घटनाहरुलाई समयमा नै रोक्न प्रयास गर्ने,

ङ) जिल्लाको कुनैपनि ठाँउमा भएको दैवी प्रकोपको सुचना समयमै प्राप्त गर्नु,

च) दैवी प्रकोप भएका ठाँउमा समयमै उद्धार टोली पठाई खोजी तथा उद्धार शुरु गर्नु,

छ) दैवी प्रकोप बाट पीडित घाइतेहरुको समयमै उपचार गर्नु,

ज) आवश्यक खाद्यान्न, लत्ताकपडा, सुरक्षित आवास, शौचालय आदिको व्यवस्था गर्नु,

झ) दैवी प्रकोप मानवीय सहयोगका लागी पहिले नै उपयुक्त तथा पर्याप्त पूर्वतयारी तथा सहयोग योजनाको तर्जुमा गर्नु ।

## योजनाको आवश्यकता तथा महत्व

विपद्को जोखिममा रहेका समुदायहरु सामाजिक, आर्थिक तथा साङगठनिक रुपमा कमजोर हुन्छन् । खाद्य असुरक्षा, शौचालय, स्वास्थ्य तथा सरसफाइका सुविधाहरुको सिमितता, प्राकृतिक विपद्का कारण सुरक्षित बासस्थानको सही पहिचान तथा उपयुक्त व्यवस्थापन गर्न नसक्नु आदि विपद् प्रभावित समुदायहरुले सामना गर्ने मुख्य समस्याहरु हुन । परिणाम स्वरुप प्राकृतिक तथा मानवजन्य विपद्हरु संग समुदायको सामना गर्ने क्षमता निकै कमजोर छ । यस्ता समस्याहरुलाई सम्वोधन गर्न समुदायलाई सशक्तीकरण गर्ने र प्रभावकारी समन्वयको संयन्त्र बनाउनु अत्यन्त जरुरी छ । दार्चुला जिल्लामा विपद् पूर्वतयारी तथा प्रतिकार्यमा काम गर्ने विभिन्न सरोकारबालाहरु बीच समन्वय गर्ने महत्वपूर्ण साधनको रुपमा यो योजना रहनेछ । विपदको अवस्थामा प्रभावकारी मानवीय सहयोगका लागि तथा सम्भावित विपद्को जोखिम कम गर्न तथा विपद्को अवस्थामा आइपर्ने समस्याहरुलाई समाधान गर्नका लागि विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना आवश्यक पर्दछ । विशेष गरी मानवीय सहयोगको प्रत्याभुति गराउन विपद् जोखिम न्युनीकरणमा समुदायलाई सहयोग गर्न, प्रतिकार्यमा समान पहुच पुरयाउन, सामाजिक, सांस्कृतिक मर्यादा कायम राख्न, खानेपानी तथा सरसफाई एवं स्वास्थ्य प्रवर्द्धन गर्न यस योजनाले मार्ग निर्देश गर्दछ । त्यसका साथै श्रोतको सहि पहिचान तथा परिचालन गर्न जवाफदेही र उत्तरदायित्वको भावनाको विकास गराउन पनि यस योजनाले सहयोग गर्दछ । यसै आवश्यकतालाई महशुस गर्दै

यस जिल्लामा विपद्बाट हुने क्षतिलाई कम गर्न तथा विपद् पछिको मानवीय सहयोगलाई व्यवस्थित तथा प्रभाकारी बनाउन पुर्वतयारी दस्तावेजका रुपमा यो विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०६९ तयार पारिएको हो ।

## योजनाको सीमा

यो योजना तर्जुमा गर्दा सहभागितामूलक प्रकृयाका माध्यमबाट गरिएकोछ । यस प्रक्रियामा जिल्ला दैवीप्रकोप उद्धार समितिका सम्पूर्ण सदस्यहरु (राजनितीक पार्टिका प्रतिनिधीहरु, सरकारी कार्यालयका प्रतिनिधहिरु, जिल्लामा विपद् जोखिम न्यूनिकरणको क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैहसरकारी संस्थाका प्रतिनिधीहरु, अन्य स्थानीय सामाजिक संघ संस्थाका प्रतिनिधीहरु, अपाङ्गता भएका व्यक्तिहरुको संस्थाका प्रतिनिधी) को सहभागिता रहेको थियो । तर योजना तर्जुमा गर्दा देखिएका केही सीमाहरु निम्न अनुसार छन् ।

- तथ्याङ्क संकलनको क्रममा विगतका बर्षहरुमा भएका विपद्का घटनाहरु तथा त्यसबाट भएको क्षतिको सम्पूर्ण यथार्त विवरण प्राप्त गर्न कठिनाइ भएकोले दाचुला जिल्लाका गा.बि.स.हरुको संकटासन्नताको स्तर निर्धारण, पूर्वतयारी तथा प्रतिकार्य योजनाको तर्जुमा, विपद् जोखिम न्यूनिकरणका गतिविधिहरु निर्धारण गर्दा केही लचकता अपनाइएकोछ ।
- यस योजना अन्तर्गत निर्धारण गरिएका गतिविधिहरुको कार्यन्वयनका लागि बढी मात्रामा बाहिरी श्रोतको भर पर्नु पर्ने अवस्था देखिन्छ । जसले गर्दा बाह्य श्रोत प्राप्त नभएमा योजनाको कार्यान्वयनमा नकारात्मक असर पर्ने सम्भावना देखिन्छ ।

● जिल्लामा उपलब्ध सिमित स्रोत र साधनबाट बिभिन्न प्रकोपहरुबाट हुने क्षति न्यून गर्न तथा विपद्बाट प्रभावित परिवारहरुको आवश्यकतालाई सम्बोधन गर्न चुनौती रहेकोछ ।

## योजना निर्माण प्रक्रिया विधि

केन्द्रीय दैवी प्रकोप उद्धार सिमति बाट प्राप्त निर्देशिका अनुसार जिल्ला दैवी प्रकोप उद्धार समिति दार्चुलाले यस जिल्लाका प्रकोपको विभिन्न क्षेत्रमा काम गर्ने सरकारी तथा गैरसरकारी संघसंस्थाहरु र संयुक्त राष्ट्र संघीय निकायहरुसँग छलफल गरी देहायको प्रक्रिया अपनाई जिल्लाको पूर्व तथारी तथा प्रतिकार्य योजना तर्जुमा गरिएको थियो । विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनालाई अद्यावधिक गर्दा अपनाइएका केही प्रक्रियाहरु निम्न अनुसार छन ।

- मिति २०६९ फाल्गु १५ गते DDRC को बैठक बसी DPRP-२०६९ सम्बन्धमा छलफल भएको ।
- उक्त बैठकले गत बर्षमा भएका अनुभव समावेश गरी DPRP-२६९ तयार गर्न सहायक प्र.जि.अ. हर्क वहादुर सिहं ज्यू संयोजकत्वमा कार्य दल बनाई DPRP-२०६९ तयार गर्ने कार्यादेश प्रदान गरेको ।
- योजना अद्यावधिक गर्दा आवश्यक तथ्याङ्क सम्बन्धित विषयगत् निकाय र कार्यालय तथा व्यक्ति बाट संकलन गरिएको ।
- जिल्ला स्थित सबै सरोकारवालाको सहभागिता गराइएकोछ ।
- विगत ५ वर्षमा घटेका विपद्का घटनाहरुको प्रभावको विश्लेषण र सबैभन्दा खराव परिस्थितिलाई आधारको रुपमा छनोट गरिएकोछ ।
- जिल्लामा कार्यरत क्रियाशिल निकायको क्षेत्रगत रुपमा क्षमता विश्लेषण तथा समुदायको आवश्यकताको आधारमा पूर्वतयारी र प्रतिकार्य योजना निर्धारण गरिएकोछ ।
- तर्जुमा भएको योजनाको प्रभावकारी कार्यान्वयनको लागि जिम्मेवारी बाँडफाँड गरिएकोछ ।
- बिभिन्न चरणमा गोष्ठी, बैठक, सामुहिक छलफलको आयोजना गरी योजनालाई अन्तिम रुप दिइएकोछ ।
- बैठकमा भएको निर्णय अनुसार २०६९ फाल्गुन २१ सम्म विभिन्न क्षेत्रगत कार्यालयहरु वाट प्रतिकार्य योजनाको लागि चाहिने तथ्यांक्कहरु संकलन गरि प्रतिवेदनको ड्राफ्ट तयार गरि मिति २०६९ फाल्गुन २१ गते को DDRC को बैठकमा पेश गर्ने

## रणनीति :

जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको तर्जुमा गर्दा सक्दो सहभागितामुलक र वास्तविकतामा आधारित रहेर बनाउने प्रयास गरिएको छ । जिल्लामा अवस्थीत सम्पूर्ण सरोकारवालाहरुलाई उनीहरुको विषय, क्षेत्र र विशिष्टताका आधारमा सम्बन्धित क्षेत्रमा उनीहरुको संलग्नता र भुमिकालाई सुनिश्चत गर्दै विपद्को समयमा समन्वयात्मक र प्रभावकारी ढंगले विपद् व्यवस्थापन गर्न सकियोस् भन्ने उद्देश्यले योजना तर्जुमा गरिएको छ । यो योजना विगत ३ बर्षको अवधिमा भए घटेका विपद् र त्यसबाट परेको प्रभाव लाई विश्लेषण गरेर सबभन्दा खराव परिस्थीतिलाई ध्यानमा राखेर गरिएको छ । विगत बर्षहरुका अनुभवहरुबाट सिकिएका पाठ तथा सिफारिसहरुलाई हरेक क्षेत्रका लागी आकश्मिक योजना तर्जुमा गर्दा ध्यानमा राखिएको छ ।

आकस्मिक योजनालाई अन्तिम रुप दिई सकेपछि पूर्वतयारी सम्बन्धि कदमहरुमा भएको प्रगतिलाई सुनिश्चित गर्नका निमित्त योवजनाको समिक्षा गरिनेछ । यसमा क्षेत्रगत समुह र जिल्ला दैवीप्रकोप उद्धार समितिले प्रमुख भूमिका निर्वाह गर्ने र अन्य सदस्यहरुले यसमा सहयोगका लागी समयमा नै गतिविधिहरु सञ्चालन गर्नका निमित्त मार्गदर्शक दस्तावेजको रुपमा जिल्ला आकस्मिक योजनालाई प्रयोगमा ल्याइनेछ ।

## योजना कार्यान्वयन रणनितिहरु

- योजनालाई जिल्ला दैवीप्रकोप उद्धार समिति तथा जि.बि.स. परिषद्बाट अनुमोदन गरेर बैधानिकता प्राप्त गरी कार्यान्वयन गरिनेछ ।
- आपत्कालिन प्रतिकार्यको लागि गरिने पूर्वतयारी तथा प्रतिकार्यका क्रममा क्षेत्रगतरुपमा रहेका दक्षता, ज्ञान, सीप, विधिको प्रयोगका लागि समन्वयमा जोड दिइनेछ ।
- बिभिन्न कार्यदलका सदस्य तथा स्वयंसेवकहरुको क्षमता तथा दक्षता अभिबृद्धिका साथै आपतकालिन प्रतिकार्यका लागि विपद् जोखिम न्यूनिकरणको क्षेत्रमा कार्यरत सरोकारवाला संघ संस्थाहरुको हभागितामा जोड दिइनेछ ।
- विपद्को समयमा कार्यदलका तालिम प्राप्त सदस्य तथा स्वयंसेवकहरुलाई परिचालन गरिनेछ ।
- स्थानीय ज्ञान, सीप, विधि, प्रविधि र श्रोत तथा साधनको अधिकतम उपयोग गरी यस योजनालाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।
- आपतकालिन अवस्थामा प्रतिकार्यका गतिबिधिहरुमा एकरुपता ल्याइ दोहोरोपन नहुने गरी उपलब्ध श्रोत तथा साधनको सदुपयोग गरेर समन्वयात्मक तथा पारदर्शी तरिकाले समयमा नै विपद्मा परेका परिवारहरुलाई एकद्धार प्रणाली मार्फत मानवीय सहयोग उपलब्ध गराइनेछ ।
- योजना तयार भई कार्यान्वयनमा आएपछि जिल्ला दैवी प्रकोप उद्धार समितिबाट कार्यान्वयनको प्रभावकारी अनुगमन तथा मूल्यांकनको व्यवस्था गरिनेछ ।
- योजनाको कार्यान्वयन भए नभएको जिल्ला दैवी प्रकोप उद्धार समितिबाट नियमित अनुगमन तथा सुपरीवेक्षण गरिनेछ ।
- जिल्लाको कुनै पनि क्षेत्रमा उत्पन्न विपद्ले संकटासन्नता, क्षमता र जोखिममा पारेको परिवर्तनलाई सम्बोधन गर्न प्रत्येक वर्ष योजनाको पुनरावलोकन तथा समिक्षा गरी अध्याबधिक गरिनेछ ।

# खण्ड २

## प्रकोप, संकटासन्नता, क्षमता तथा जोखिम विश्लेषण

### प्रकोपको पहिचान तथा स्तरीकरण

दार्चुला जिल्लामा देखा परिरहने प्रकोपहरुमा पहिरो, बाढी, हुरी बतास, असिना, आगलागि, महामारी, खडेरी, चट्याङ्ग, हिमपहिरो,सडक दुर्घटनाहरु प्रमुख प्रकोपहरु हुन । यस्ता प्रकोपहरुले गरेको मानवीय र भौतीक क्षतिलाइ हेर्दा पहिरोबाट बढी मानवीय क्षति,भौतिक क्षति र जीविकोपार्जनका श्रोतको अत्यधिक क्षति भएको देखिन्छ । हाम्रा अव्यवस्थित बिकास निर्माण कार्यले ल्याउन सक्ने बिपद्लाइ पहिलेनै देख्न नसक्नेले पनि क्षतिको मात्रालाइ बढाईरहेको छ । प्राकृतिक श्रोतको अत्यधिक शोषण तथा संरक्षण हुन नसक्दा तथा जलबायुमा आएको परिवर्तनले गर्दा खडेरी पनि एउटा मूख्य प्रकोपको रुपमा रहेको अनुभव जिल्ला सँग छ । असिनाबाट हरेक बर्ष अन्नबालीको नास हुने गरेको छ भने चट्याङ्गका कारण घाइते तथा ज्यान गुमाउनेहरुको संख्या पनि पछिल्ला एक दुई बर्षमा बढ्न थालेको छ । प्रकोपलाइ Pairwise Ranking Approach को आधारमा गरिएको स्तरीकरणलाइ निम्न तालिकामा देखाइएको छ ।

### प्रकोप स्तरीकरण

| प्रकोप | पहिरो | बाढी | असिना | आगलागी | महामारी | खडेरी | चट्याङ्ग | भूकम्प* | हिमपहिरो | अङ्कभार |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **पहिरो** | | पहिरो | पहिरो | पहिरो | पहिरो | पहिरो | पहिरो | पहिरो | | ७ |
| **बाढी** | | | बाढी | बाढी | बाढी | बाढी | बाढी | बाढी | | ६ |
| **असिना** | | | | असिना | असिना | असिना | असिना | असिना | | ५ |
| **आगलागी** | | | | | आगलागी | आगलागी | आगलागी | आगलागी | | ४ |
| **महामारी** | | | | | | महामारी | महामारी | महामारी | | ३ |
| **खडेरी** | | | | | | | खडेरी | खडेरी | | २ |
| **चट्याङ्ग** | | | | | | | | चट्याङ्ग | | १ |
| **भूकम्प*** | | | | | | | | | | ० |
| **हिमपहिरो** | | | | | | | | | | ० |
| **स्तर** | पहिलो | दोश्रो | तेश्रो | चथो | पाँचां | छठां | सातां | आठां | नवौं | |

### संकटासन्नता विश्लेषण

४१ वटा गा.वि.सको संकटासन्नता स्तरीकरण तालिका निम्नानुसार छ । बिगत वर्षमा घटेका घटनाहरु, त्यसबाट भएको मानवीय तथा भौतिक क्षति तथा प्रकोपको सम्भाव्यता र सम्भावित जोखिममा रहेको जनसंख्यालाइ स्तरीकरणको आधार मानिएको छ । अघिल्लो बर्षको योजनामा नसमेटिएका र हरेक बर्ष क्षति पुर्याउदै आएका दुइ वटा प्रकोपहरु असिना र चट्याङ्गलाइ पनि यो स्तरीकरण तालिकामा जोडिएको छ । दार्चुला जिल्लाको विपद्को समग्र रुपमा ४ बर्षको इतिहास हेर्दा बाढी पहिरो बाट १० जनाको मृत्यु तथा १३ जना घाइते, आगलागी बाट १ जनाको मृत्यु र हुरीवतास बाट १ जनाको मृत्यु भएको देखिन्छ । भने आगलागी बाढीपहिरो र चट्याङ बाट सयौं घर क्षति तथा हजारौ रोपनि जमिन बगाएको, हजारौ मानिस प्रभावित र सयौ चौपायाहरुको क्षति भएको छ ।

| क्र.सं. | गा.वि.स. को नाम | सम्भावित प्रकोपको प्रकार ( निम्न १, मध्यम २ र उच्च ३) | | | | | | | | | अङ्क भार | संकटासन्नताको स्तर |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पहिरो | असिना | खडेरी | चट्याङ | भूकम्प | भूक्षय | महामारी | आगलागी | जनावर को आतङ्क | | |
| १ | खलंगा | 2 | 3 | 2 | 2 | 1 | 2 | 3 | 3 | 3 | 2.22 | |
| २ | भगवति | 1 | 3 | 1 | 3 | 2 | 2 | 3 | 3 | 3 | 2.11 | |
| ३ | बोहरीगाँउ | 1 | 3 | 2 | 1 | 2 | 2 | 3 | 1 | 3 | 1.78 | |
| ४ | ब्रह्मदेव | 1 | 3 | 1 | 3 | 2 | 2 | 2 | 3 | 3 | 2.00 | |
| ५ | व्यास | 2 | 1 | 2 | 2 | 2 | 1 | 2 | 3 | 3 | 1.7 | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | 8 | |
| ६ | छापरी | 2 | 3 | 2 | 3 | 2 | 2 | 3 | 2 | 3 | 2.22 | |
| ७ | दत्तु | 3 | 3 | 2 | 3 | 2 | 2 | 2 | 1 | 3 | 2.11 | |
| ८ | देथला | 3 | 3 | 2 | 2 | 2 | 1 | 2 | 3 | 3 | 2.11 | |
| ९ | धाप | 3 | 3 | 2 | 2 | 2 | 2 | 2 | 2 | 1 | 1.89 | |
| १० | डाडाकोट | 2 | 2 | 2 | 3 | 2 | 2 | 2 | 1 | 1 | 1.67 | |
| ११ | धारी | 1 | 3 | 1 | 1 | 2 | 2 | 2 | 2 | 3 | 1.67 | |
| १२ | धौलाकोट | 2 | 2 | 2 | 3 | 2 | 1 | 2 | 2 | 3 | 1.89 | |
| १३ | धुलिगढा | 1 | 3 | 1 | 1 | 2 | 2 | 2 | 2 | 3 | 1.67 | |
| १४ | इयरकोट | 1 | 2 | 1 | 1 | 2 | 3 | 2 | 2 | 3 | 1.67 | |
| १५ | ग्वानी | 2 | 2 | 2 | 3 | 2 | 2 | 2 | 3 | 3 | 2.11 | |
| १६ | घुसा | 1 | 1 | 1 | 1 | 2 | 2 | 2 | 3 | 2 | 1.44 | |
| १७ | गोकुलेश्वर | 3 | 1 | 2 | 2 | 2 | 3 | 2 | 3 | 3 | 2.11 | |
| १८ | गुल्जर | 3 | 2 | 2 | 2 | 2 | 1 | 2 | 1 | 3 | 1.78 | |
| १९ | हिकिला | 2 | 3 | 2 | 2 | 2 | 2 | 2 | 1 | 3 | 1.89 | |
| २० | हुनैनाथ | 1 | 3 | 1 | 1 | 2 | 2 | 2 | 2 | 3 | 1.67 | |
| २१ | हुती | 2 | 3 | 2 | 3 | 2 | 3 | 2 | 2 | 3 | 2.22 | |
| २२ | काटै | 1 | 3 | 2 | 2 | 2 | 2 | 2 | 3 | 3 | 2.00 | |
| २३ | सिप्टी | 3 | 3 | 2 | 3 | 2 | 3 | 2 | 3 | 3 | 2.44 | |
| २४ | खण्डेशवरी | 1 | 1 | 1 | 2 | 2 | 2 | 2 | 3 | 2 | 1.56 | |
| २५ | खार | 1 | 3 | 2 | 1 | 2 | 2 | 2 | 2 | 3 | 1.78 | |
| २६ | खरकडा | 1 | 3 | 1 | 1 | 2 | 3 | 2 | 1 | 3 | 1.67 | |
| २७ | लाली | 3 | 3 | 2 | 3 | 2 | 2 | 2 | 2 | 3 | 2.22 | |
| २८ | लटीनाथ | 2 | 3 | 2 | 3 | 2 | 3 | 2 | 2 | 2 | 2.11 | |
| २९ | मालिकार्जुन | 1 | 3 | 2 | 1 | 2 | 2 | 2 | 2 | 3 | 1.78 | |
| ३० | पिपलचौरी | 1 | 3 | 1 | 2 | 2 | 2 | 2 | 2 | 3 | 1.78 | |
| ३१ | रानीशिखर | 3 | 2 | 2 | 3 | 2 | 3 | 2 | 2 | 3 | 2.22 | |
| ३२ | रिठाचौपाता | 1 | 2 | 1 | 1 | 2 | 3 | 2 | 2 | 1 | 1.44 | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३३ | राप्ला | 2 | 1 | 2 | 3 | 2 | 2 | 2 | 2 | 2 | 1.78 | |
| ३४ | सर्मोली | 3 | 3 | 2 | 3 | 2 | 3 | 2 | 2 | 3 | 2.33 | |
| ३५ | सेरी | 3 | 3 | 2 | 2 | 2 | 2 | 2 | 3 | 3 | 2.22 | |
| ३६ | शंकरपुर | 3 | 3 | 2 | 3 | 2 | 2 | 2 | 3 | 3 | 2.33 | |
| ३७ | शिखर | 3 | 2 | 2 | 3 | 2 | 3 | 2 | 1 | 3 | 2.11 | |
| ३८ | सितोला | 2 | 3 | 2 | 3 | 2 | 3 | 2 | 3 | 3 | 2.33 | |
| ३९ | सुनसेरा | 1 | 2 | 1 | 3 | 2 | 2 | 2 | 3 | 3 | 1.89 | |
| ४० | तपोवन | 2 | 2 | 2 | 3 | 2 | 3 | 2 | 3 | 3 | 2.22 | |
| ४१ | उकु | 3 | 3 | 2 | 3 | 2 | 2 | 2 | 2 | 2 | 2.11 | |

**वाढी तथा पहिरोवाट जोखिम युक्त गा.वि.स. हरु**

| क्र स. | गा.विस. को नाम | वडा नं. | जनसंख्या | जोखिमको स्तर | | |
|---|---|---|---|---|---|---|
| | | | | न्यून | मध्यम | उच्च |
| १ | सुन्सेरा | २ | ४०५ | | | १ |
| | | ५ | ४७८ | | २ | |
| २ | धुलिगडा | ८ | ५८१ | | | १ |
| | | ५ | २८९ | | २ | |
| | | १ | ३८० | | २ | |
| ३ | खरकडा | ३ | ३९८ | ३ | | |
| | | ४ | ४३५ | | | १ |
| | | ५ | २९९ | | २ | |
| ४ | हुनैनाथ | १ | २७७ | | २ | |
| | | ५ | ५१२ | | | १ |
| | | ९ | २४७ | ३ | | |
| ५ | मालिकार्जुन | ३ | २३७ | | | १ |
| | | ८ | ७२० | | २ | |
| ६ | बोहरीगाँउ | १ | ९१४ | | | १ |
| | | २ | ५०० | | २ | |
| ७ | रिठाचौपाता | १ | १६४ | | | १ |
| | | ४ | १९२ | | | १ |
| | | ५ | ३२५ | | २ | १ |
| ८ | खार | ७ | ६३५ | | | १ |
| | | ८ | ४५७ | | २ | |
| | | ९ | ३५३ | | | |
| ९ | ब्रह्मदेव | ७ | ५६२ | | | १ |
| | | ६ | ३०४ | | | १ |
| | | २ | ७०४ | | | १ |
| १० | इयरकोट | २ | २७१ | | २ | |
| | | ३ | ७१ | | २ | |
| ११ | घुसा | १ | १८९ | | २ | |
| | | ४ | १५४ | | २ | |
| | | ६ | १६५ | | | |
| १२ | खण्डेश्वरी | ४ | २९५ | | | १ |
| | | ५ | ३१० | | | १ |
| १३ | काटै | १ | २२१ | | | १ |
| | | २ | ३७३ | | २ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | ४ | ५७९ | ३ | | |
| १४ | भगवती | १ | ६५७ | | २ | |
| | | ४ | ५९२ | | | १ |
| | | ५ | ४२१ | | २ | |
| १५ | धारी | ४ | ३८२ | | | १ |
| | | ५ | ४०२ | | २ | |
| | | ६ | ५५८ | | | १ |
| १६ | पिपलचौरी | ४ | १६४ | | | १ |
| | | ८ | १९२ | | २ | |
| | | ९ | ३२५ | | | १ |

**नोटः उच्च प्रकोप १, मध्यम प्रकोप २, न्युन प्रकोप ३**

## क्षमता विश्लेषण

दार्चुला जिल्लामा जोखिमको तह र मात्रा बढी देखिएको भएता पनि विगत वर्षहरुमा खासै उल्लेखनिय प्रयासहरु नभएको कारण समुदाय र जिल्लाको क्षमतामा उल्लेख्य बृद्धि नभएको अनुभव गरिएको छ । श्रोत साधनको भण्डारण तथा पूर्वतयारीमा खासै प्रगति नभएको तथा बिपद् व्यवस्थापनमा क्षमता अभिबृद्धिमा सरोकारवालाहरु लगायत स्थानीय समुदायहरुको विपद् संग सामना गर्ने क्षमताको बिकास भएको छैन । बिपद्को समयमा मानव जीवनको बचाउका लागि चाहिने आश्यक ज्ञान तथा सीप समुदायका स्वयंसेवकहरुलाई दिइनुका साथै अत्यावश्यक उपकरण, औजार, सामाग्रीहरु सबै भन्दा बढी जोखिम भएका क्षेत्रहरुमा तयारी अवस्थामा राखिएको छैन । दार्चुला जिल्लाको स्थानीय देखी जिल्ला तह सम्म भएका क्षमता तथा अभावलाई तलको तालिकामा देखाउने प्रयास गरिएको छ ।

| **विषयगत क्षेत्र** | **विवरण** | **स्थान** | **अभाव** |
|---|---|---|---|
| सूचना, संचार तथा समन्वय | जिल्लामा एक वटा आपतकालिनसंचालन केन्द्र (DEOC) तथा आवश्यक सामाग्रीहरु भएको | जिल्ला प्रशासन कायालय | DEOC स्थापनाका लागि सामाग्रीहरु जिल्लामा आइपुगे पनि SOP नभएका कारण DEOC संचालन हुन नसकेको । |
| | क्षतिको बिवरण संकलन तथा सुरक्षा व्यवस्थापनका लागि | बिभिन्न गा.बि.स.हरु | |
| | आपतकालिन अवस्थामा क्षति तथा आवश्यकता पहिचान र राहात वितरणका लागि ........... वटा रेडक्रस उपशाखाहरु, एक वटा सामुदायीक बिपद् | जिल्लाका ....... गा.बि.स.हरु र जिविसमा | |
| | दुईवटा वटा एफ एम स्टेसनहरु | जिल्ला सदरमुकाम | संचारकमीहरुमाफ्र बिपद्को रिपोट गर्ने |
| | स्थानीय पत्रपत्रिकाहरु | जिल्ला सदरमुकाम विभिन्न गा.बि.स. | |
| | टेलिफोन लाइनहरु, मोबाइलहरु भएको | | आपतकालिनअवस्थामा टेलिफोन लाइनहरु, मोबाइलहरुले काम नगर्दा बकल्पिक साधन तथा उपकरण |
| खोज तथा उद्धार | खोज तथा उद्धारका लागि तालिम प्राप्त स्वयंसेवकहरु ( ............. जना) | सुरक्षानिकायहरु,ने.रे.सो | खोज उद्धारकार्यमा समुदाय र सुरक्षा निकायबिच प्रायजसो समन्वय हुन नसकेको । |
| | प्राथमिक उपचारमा तालिम प्राप्त स्वयंसेवकहरु (........... जना) | ने.रे.सो. तथा गा.बि.स.का बिभिन्न समुदायहरु | |
| | प्राथमिक उपचारका सामाग्रीहरु | ने.रे.सो. तथा गा.बि.स.का बिभिन्न समुदायहरु | खर्च भएर गएका सामाग्रीहरुको पुर्ताल् गर्न समुदायहरुमा छुट्टै कोषको |

| | | | |
|---|---|---|---|
| | खोज तथा उद्धार सामाग्री | जिल्ला आपतकालिन संचालन केन्द्र,सुरक्षा निकायहरु,ने.रे.सो. तथा र जोखिमयूक्त गा.बि.स.का बिभिन्न समुदायहरु | खोज तथाउद्धार सामाग्रहिरुको व्यवस्थापन योजना (Mmanagement plan) तथा परिचालनका लागि जिल्लामा मार्ग दर्शन (Guideline) नभएको |
| | एम्बुलेन्सहरु (३ वटा) | जिल्ला स्वास्थ्य कार्यालयका २ वटा ( जिल्ला सदरमुकाममा दुई वटा र प्राथमिक स्वास्थ्य केन्द्र | आपतकालीनअवस्थामा निशुल्क एम्बुलेन्स सेवा प्रदानगर्न कोषको व्यवस्था नभएको |
| आपतकालीन आवास तथा गैह्र खाद्य सामाग्री | नियमित कार्यक्रम तर्फ खाद्य सामाग्री भण्डारणका लागि २ | जिल्ला बिकास समिति र जिल्ला कृषि सामाग्रि | आपतकालीन अवस्थामा खाद्य सामाग्री भण्डारणका लागि भण्डारण |
| | गर खाद्य तथा खाद्य सामाग्री भण्डारणको लागी २ कोठे पक्की आपतकालिन भण्डारण गृह | जोगबुढा गा.बि.स.मा निर्माणको प्रक्रियामा रहेको (डिपेको छ) परियोजना अन्तर्गत अक्सफाम र एबि.स.को आर्थिक | जिल्ला सदरमुकाममा एक वटा सामाग्री भण्डारण गृह (Warehouse) आवश्यक भए पनि हाल भण्डारण गृह (Warehouse) नभएको |
| | जिल्लामा १०० परिवारका लागि परिवारका लागि गैह्र खाद्य राहात सामाग्री भण्डारण | नेपाल रेडक्रस सोसाइटी | ठूलो खालकोविपद्को अवस्थामा प्रभावित परिवारकोआवश्यकता |
| | प्राय सबै सुरक्षित स्थानमा रहेका बिद्यालयहरु आपतकालिन आश्रयस्थलका रुपमा प्रयोग गर्न | | आपतकालिनआवासका लागि टेन्टहरुको व्यवस्था नभएको |
| | आपतकालिन राहात कोषको व्यवस्था | ने.रे.सो. जिल्ला शाखा गा.बि.स.का केही | |
| स्वास्थ्य तथा पोषण | स्वास्थ्य क्षेत्रको आपतकालिन योजना तयार भएको | जिल्ला तथा गा.बि.स | अन्यगा.बि.स.हरुको योजना पनि आवश्यक भएको तर हालतयार नभएको |
| | आपतकालिन अवस्थाका लागि आषधी तयारी अवस्थामा राखिएको | जिल्ला अस्पताल प्राथमिक स्वास्थ्य केन्द्र र स्वास्थ्य चौकी तथा | |
| | जिल्ला अस्पताल,जिल्ला आयुर्वेद अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, | जिल्ला सदरमुकाम तथा गा.बि.स.हरु | |
| | RRT तथा QRT गठन | जिल्ला सदरमुकाम तथा | गा.बि.स.स्तरीय QRTआवश्यक छ तर गठन नभएको |
| | महिला स्वास्थ्य स्वयंसेविकाहरु सञ्जाल भएको | | विपद् प्रतिकार्यमा परिचालन गर्न तालिमा आवश्यकता |
| | आपतकालिन कोषको व्यवस्था | जिल्ला स्वास्थ्य | |
| खानेपानी, सरसफाइ र स्वच्छता क्षेत्र | जिल्लाको District Sanitation Strategic Plan | जिल्लामा | |
| | सबै गा.बि.स.हरुमाखानेपानी, | गा.बि.स.हरु | V-WSH-CC त्यति सक्रिय नभएको |
| | QRT गठन भएको | जिल्लामा | तालिमको अभाव |
| | खानेपानी, सरसफाइ र स्वच्छताका लागि सामाग्रीहरुको | जिल्लामा | |

| | | | |
|---|---|---|---|
| खाद्य सुरक्षा तथा जीविकोपार्जन | आपतकालीन अवस्थाकालागि | जिल्लामा | |
| | जीविकोपाजनका बिभि गतिबिधिहरु नियमित रुपमा सरकारी तथा गैर सरकारी निकायहरु मफत संचालन हुन | जिल्ला तथा गा.बि.स स्तरमा,विभिन्न गैरसरकारी संस्थाहरु | आवश्यकता अनुसार दिगो रुपमा संचालनमा नरहेको |
| आपतकालीन शिक्षा | सबै समुदायमा बिद्यालय र सबै इलाकाहरुमा श्रोत केन्द्र भएकोले श्रोत व्यक्ति तथा शिक्षकहरुलाई | गा.बि.स.हरु | श्रोत व्यक्ति तथा शिक्षकहरुलाई विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि तालिमको आवश्यकता |
| | शिक्षकहरुद्धारा आपतकालिन शिक्षाका लागि तालिम प्रदान | गा.बि.स.हरु | |
| | विद्यालयहरुमा बिपद् ब्यवस्थापन सम्बन्धी कक्षा संचालनमा रहेको | विभिन्न गा.बि.स.हरु | सवैगा.बि.स.हरु र निजि तथा सामुदायिक विद्यालयहरुमा समेत |
| | मलिकार्जुन,भगवति,धुलिगडा,वोहरीगाउं गा.बि.स.का केही विद्यालयहरुमा बिपद् | मलिकार्जुन,भगवति,धुलिगडा,वोहरीगाउ गा.बि.स.हरु | अन्य गा.बि.स.हरुका निजि तथा सामुदायिक विद्यालयहरुमा समेत बिपद् ब्यवस्थापनकालागि कार्ययोजना |
| पुनस्थापन, पुननिमाण तथ प्रबन्धगत (Logistics) व्यवस्थापन | आपतकालीन अवस्थामाप्रभावित तथा गा.बि.स.हरुमाकोषको व्यवस् | जिल्ला तथा गा.बि.स.हरु | |
| | आपतकालीन अवस्था प्रयोगगर्न सा | जिल्लामा | आपतकालीन अवस्थामा राहात सामाग्री ढुवानीको लागिसाधन आवश्यक |
| | स्थानीयसार्वजनिक यातायात संग भएका यातायातका साधनहरु प्रयोग | जिल्लामा | |
| | विपद् प्रतिकार्यका लागिखटिने स | जिल्लामा | पर्याप्त मात्रामा साधन श्रोतको अभाव रहेको |
| संरक्षण | पाठ्यपुस्तक,शैक्षिक सामाग्रीहरु,शिक्षा क्षेत्रका सदस्यहरु संग समन्वय गरी पोषण खाजा | जिल्ला शिक्षा कार्यालय | |
| | अपाङ्गता भएका व्यक्तिहरुको खोज तथा उद्धारको लागि तालीम संचालन गर्न आवश्यक पर्ने मानवीय तथा आर्थिक श्रोतका साथै | केयर नेपाल समूदाय सहयोग कार्यक्रम | |
| | परामर्शकर्ता उपलब्ध गराउन सकिने | महिला पैरवी मन्च | |

**जोखिम विश्लेषण**

दार्चुला जिल्लामा विपद् जोखिमलाई हेर्दा गा.बि.स. तसंकटासन्नतालाई स्तरीकरण गरेर हेरिएको छ । दार्चुला जिल्लाका १६ वटा गाविसहरु उच्च जोखिममा रहेका छन्। बिगतमा घटेका घटनाहरु, त्यसबाट भएको मानवीय तथा भौतिक क्षति तथा जोखिममा रहेको जनसंख्यालाई स्तरीकरणको आधार मानिएको छ । जोखिमको बिश्लेषणका लागि दुई वटा बिधिहरुको प्रयोग गरिएको छ र दुईवटै आधारहरुलाई केलाएर समग्र रुपमा विपद् जोखिमको लेखाजोखा र बिश्लेषण गरिएको छ । आलिताल, जोगबुढा, शिर्ष, नवदुर्गा र माष्ठामाडौं गा.वि.स.को जोखिम नक्साङ्कनलाई बिस्तृत रुपमा केलाउन सकिन्छ जुन स्थानीय बिपद् जोखिम व्यवस्थापन योजना निर्माण गर्ने आधारको रुपमा प्रयोग गरिएको थियो ।

दार्चुला जिल्लाका प्रभावित गा.वि.स.हरुलाई आधार मान्दा विगतका ५ वर्षमा विपद्बाट भएको जनधनको क्षति, बालिनाली तथा घरसम्पत्ति तथा भौतिक संरचनाको विनास, पशु चौपायाको क्षति, विपद्बाट प्रभावित क्षेत्र तथा जनसंख्या, उपलब्ध श्रोतसाधन र क्षमताको विश्लेषण गर्ने उद्धेश्यले जिल्लाका ४१ गा.वि.स. मध्ये २०६८ सालमा विपद्को उच्च जोखिममा रहेका १६ गा.बि.स. मध्ये वाट पनि केयर नेपालको समुदाय सहयोग कार्यक्रमले ४ गाविस(धुलिगडा,वोहरीगाउँ,भगवती,मालिकार्जुन)मा सहभागितामूलक क्षमता तथा सङकटाभिमुखता विश्लेषण (PVCA) सम्पन्न गरिएको थियो । यसबाट निम्नानुसारको परिस्थिति सृजना हुने अनुमान गरिएकोछ ।

- बिभिन्न प्रकोपहरुका कारण जिल्लाको कूल जनसंख्याको २५ प्रतिशत जनसंख्या प्रत्यक्ष रुपमा प्रभावित हुनु सक्ने अनुमान गरिएकोछ ।
- विपद्को समयमा सार्वजनीक पुर्वाधारहरुको क्षति हुनाले आवागमन अवरुद्ध भएको अवस्था हुनेछ ।
- सुचना प्रसारण प्रविधिहरु पनि सो समयमा आरुद्ध हुनेछन् । सुचना संकलनमा कठिनाई हुनेछ जसले गर्दा प्रभावितहरुको प्रारम्भिक बिवरण प्राप्त गर्न समेत अफठ्यारो पर्नेछ ।
- राहत उद्धार कार्यमा एक रुपता ल्याउन निकै समस्या हुनेछ । संरक्षण र संकटासन्न बर्गहरुको सेवा तथा श्रोतमाथि पहुँच नभएको अवस्था हुनेछ ।
- स्वाथ्यकर्मी र स्वयंसेवक परिचालन गर्न समस्या हुनेछ र स्थानीय स्तरमा औषधीहरुको पर्याप्त उपलब्धता नरहने अवस्था हुनेछ ।
- खानेपानीका मुहानहरु द्युषित बन्नेछन् वा श्रोतहरु भत्कने वा नस्ट हुन सक्नेछन् ।
- घरमा भण्डारण गरेको अन्न तथा खेतबारीको अन्नबालीको बिनासका कारण खाद्यान्नको अभाव रहने र संकट उत्पन्न हुने छ । अर्को बाली लगाउन बिउको पनि उपलब्धता नरहन परिस्थितिको सृजना हुनेछ ।
- स्थानीय सार्वजनीक भवनहरु त्था सेवा प्रदायक निकायहरु प्रभावित हुने छन् । सो समयमा आपराधिक गतिबिधिहरु ब्ढ्न सक्नेछन् ।
- पूर्बचेतावनी प्रणालीको आधुनिक सामाग्रीको उपलब्धता नहुनाले समयमै पुर्व सुचना दिन नसकिने अवस्थाको सृजना हुनेछ ।
- आवश्यक मात्रामा खाद्य तथा गैर खाद्य सामाग्रीहरुको भण्डारण नहुने हुँदा ती सामाग्रीहरुको चरम अभाव रहनेछ ।
- बिभिन्न प्रकोपहरुका कारण ५७१ हेक्टर जमीन, १.५ करोड बराबरको अन्नबाली तथा फलफुलको क्षति तथा ८ हजार जति पशुचौपाया प्रभावित हुन सक्ने पूर्वानुमान गरिएको छ ।
- प्रभावित ३००० परिवारका लागि स्वच्छ पिउने पानी उपलब्ध हुन नसक्ने साथै शौचालय तथा सेफ्टी ट्यांकीहरु फुट्ने हुँदा खानेपानीका श्रोत दुषित भई १०,००० जनामा झाडापखाला तथा हैजा हुन सक्ने ।
- खाद्य सामग्रीको अभाव हुने हुँदा कुपोषण हुने, बिपद्बाट जनधनको क्षति सहन गर्न नसकी मानसिक समस्या देखिने, लैङ्गिक हिंसामा बृद्धि हुन सक्ने, सुत्केरी र प्रसुती सम्बन्धि समस्या हुने, यौन रोग एच्आईभी तथा क्षयरोग जस्ता रोगहरुको संक्रमण फैलिन सक्ने ।
- आपतकालिन आवासको समस्या हुने ।
- सामना गर्ने संयन्त्रमा अवरोध, सबै समुह तथा बर्गको मानवीय प्रतिकार्यमा पहुँच नहुने वा पहुँच अपर्याप्त हुने ।
- बिद्यालयहरु बन्द हुन सक्ने तथा बालबालिकाको शिक्षामा नकारात्मक प्रभाव पर्ने, बिद्यालयमा खानेपानी तथा शौचालयको अपर्याप्तता हुने, बिद्यालय आश्रयस्थलको रुपमा प्राय प्रयोग हुने हुँदा पठनपाठनमा बाधा हुने जस्ता कारणले बिद्यालय बन्द गर्नु पर्ने अवस्था सृजना हुने ।

यस जिल्लामा पहिचान गरिएका प्रमुख प्रकोपहरुका कारण उत्पन्न हुन सक्ने विपद्का परिस्थितिहरुलाई
निम्नानुसार अनुमान गरिएकोछ ।

**पहिरो**

दार्चुला जिल्लाका पहिरो वाट प्रभावित तीन गा.वि.स.हरुमा सहभागितामूलक सङ्कटासन्नता तथा क्षमता
विश्लेषण (PVCA) गर्दा पहिरोबाट क्षति गर्ने तथ्याङ्क विश्लेषणबाट प्राप्त नतिजा अनुसार ४०० घर पुर्ण रुपमा क्षति, ६०० घरहरुको आंशिक क्षति, २५ जनाको बाढी तथा पहिरोजन्य विपद्बाट मृत्यु र २० जनाको झाडापखालाको महामारीबाट ज्यान गुमाउनुको साथै प्रतिवर्ष एक करोड भन्दा बढी सम्पत्तिको क्षति हुने गरेको छ ।

**भूककम्प**

भूगर्भविद्हरुको भनाई अनुसार दार्चुला जिल्ला तिव्वतियन प्लेटेक्टोनिक क्षेत्र भित्र पर्ने भएकोले यो जिल्ला लाई भुक्म्पको अति नै जोखिमा रहेको बिश्लेषण गरिएकोछ । सदरमुकाम क्षेत्र भित्र बनिरहेका घरहरु पनि भवनसंहिता अनुसार नबनाइएको हुँदा जिविस,गाविसको सकृयताको आवश्यकता पनि महसुस गरीएको छ
। न्यूनतम मापदण्ड पनि नअपनाएर बनाइएका यस्ता संरचनाहरुले भूकम्पीय जोखिम बहन गर्न नसक्ने हुँदा यहाँको भुकम्पीय जोखिम अत्यधिक रहेकोछ ।

यदि दार्चुला जिल्लामा ८.४ रेक्टर स्केलको भूकम्प राती एक बजे गएको खण्डमा निम्न वमोजिमको क्षतिको आंकलन गरिएकोछ । यो क्षति आंकलन उदयपुर जिल्लाको त्रियुगामा गरिएको भुकम्पीय जोखिम अध्ययन प्रतिवेदनको आधारमा दार्चुला जिल्लामा हुन सक्ने क्षति अनुमान गरिएको हो ।

दार्चुलाको व्यास उपत्यका क्षेत्रमा अपि नाम्पा र शैपाल हिम श्रृखला रहेको र माथिल्लो तिव्वतियन प्लेटले छुने हुँदा कूल घर मध्ये कम्तिमा २०% पुर्ण रुपमा क्षति हुने र जनसंख्याको १० % र ५ % क्रमशः घाइते र मृत्यु हुन सक्ने अनुमान गरिएकोछ ।

| क्र.सं. | गा.वि.स. / न.पा. | घरधुरी संख्या | जनसंख्या | | | क्षति हुन सक्ने घर संख्या | मृत्यु हुन सक्ने संख्या | घाइते हून सक्ने संख्या | विस्थापित हुन सक्ने जनसंख्या |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | वोहरीगाउं | | | | | | | | |
| २ | भगवति | | | | | | | | |
| ३ | मलिकार्जुन | | | | | | | | |
| ४ | धुलिगडा | | | | | | | | |
| | जम्मा | | | | | | | | |

**आगलागी**

विगतमा घटेको घटनाहरु तथा जिल्ला दैविप्रकोप उद्धार समिति तथा नेपाल रेडक्रस सोसाइटीको तथ्याङ्कको अधारमा वार्षिक औषत ५० परिवारहरु आगलागीबाट पूर्ण प्रभावित हुने हुदाँ यस योजनामा सम्बन्धित क्षेत्रहरुको आपतकालिन योजनामा आगलागीलाई समेत समावेश गरी लक्षित जनसंख्याको उद्धार तथा सम्भावित क्षतिलाई व्यवस्थापन गर्न आगलागीलाई समेत योजना निर्माण गर्दा ध्यान पुरयाएइकोछ । आगलागि महामारी, खडेरी, चट्याङ्ग,हिमपहिरो तथा हुरी बतास जस्ता प्रकोपहरुबाट पनि धेरै मात्रामा धनजनको क्षति हुने गरेकोछ र ती तथ्याङ्कको आधारमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको निर्माण गरिएकोछ ।

# खण्ड ३

## विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना

### बिषयगत क्षेत्र तथा जिम्मेवार निकायहरु

जिल्ला भित्र विपद् पूर्वतयारी तथा प्रतिकार्य संग सम्बन्धित मानवीय गतिविधिहरु सञ्चालन गर्नका लागि निम्नानुसारका बिषयगत क्षेत्रहरू (Clusters) गठन गरी क्षेत्रगत रूपमा नेतृत्व प्रदान गर्ने निकायहरू (Cluster Leads) का साथै सहयोगी सदस्य निकायहरुको पहिचान गरिएकोछ । क्षेत्रगत रुपमा अगुवाइ गर्ने निकाय/संस्थाहरुको विवरण निम्न अनुसार रहेको छ । प्रत्येक क्षेत्रका सदस्य निकाय/संस्थाहरुको विवरण अनुसूचि २ मा दिइएको छ ।

| क्र.सं. | बिषयगत क्षेत्रहरु (Clusters) | क्षेत्रगत अगुवा (Cluster Lead) | जिम्मेबार व्यक्ति (Responsible Person) |
|---|---|---|---|
| १ | सूचना, संचार तथा समन्वय | जिल्ला दैवीप्रकोप उद्धार समिति | प्रमुख जिल्ला अधिकारी |
| २ | खोज तथा उद्धार | जिल्ला प्रहरी कार्यालय | प्रहरी नायव उपरीषक |
| ३ | आपतकालीन आवास तथा गैह खाद्य सामाग्री | नेपाल रेडक्रस सोसाइटी | सभापति |
| ४ | स्वास्थ्य तथा पोषण | जिल्ला जनस्वास्थ्य कार्यालय | जिल्ला जनस्वास्थ्य अधिकृत |
| ५ | खानेपानी, सरसफाइ र स्वच्छता प्रवर्द्धन | खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय | डिभिजन प्रमुख |
| ६ | खाद्य सुरक्षा तथा जीविकोपार्जन | जिल्ला कृषि बिकास कार्यालय | जिल्ला कृषि बिकास अधिकृत |
| ७ | आपतकालीन शिक्षा | जिल्ला शिक्षा कार्यालय | जिल्ला शिक्षा अधिकारी |
| ८ | पुनर्स्थापना, पुनर्निर्माण तथा प्रबन्धगत (Logistics) व्यवस्थापन | जिल्ला बिकास समिति | स्थानीय बिकास अधिकारी |
| ९ | संरक्षण | महिला तथा बालबालिका कार्यालय | महिला बिकास अधिकृत |

### आपतकालीन पूर्वतयारी योजना २०६९

| विषयगत क्षेत्र | पूर्वतयारी सम्बन्धी गतिविधिहरु | लक्ष्य | प्रमुख जिम्मेबार निकाय | समय अबधि |
|---|---|---|---|---|
| सूचना, संचार तथा समन्वय | समन्वय तथा पूर्वतयारी बैठकको आयोजना गर्ने | आवश्यकता अनुसार | जिल्ला दैवीप्रकोप उद्धार समिति | बैशाख देखि असोज सम्म |
| | बिभिन्न बिषयगत क्षेत्र संग सम्बन्धीत सरोकारवालाहरुको क्षमता तथा स्रोत नक्साङ्कन गर्ने | १ पटक | जिल्ला दैवीप्रकोप उद्धार समिति, क्षेत्रका अन्य सदस्यहरु | आषाढ |
| | DEOC स्थापना गर्ने | १ पटक | जिल्ला दैवीप्रकोप उद्धार समिति | जेष्ठ/आषाढ |
| | गा.बि.स. स्तरीय विपद् व्यवस्थापन समिति गठन गर्ने | १ पटक | जिल्ला दैवीप्रकोप उद्धार समिति | आषाढ |
| | एकिकृत सर्वेक्षण टोली गठन गर्ने | १ पटक | जिल्ला दैवीप्रकोप उद्धार समिति | आषाढ |

| | | | | |
|---|---|---|---|---|
| | सवेक्षण टोलीलाइ अभिमुखिकरण गने | १ पटक | जिल्ला दवीप्रकोप उद्धार समिति,केयर नेपाल नेपाल,रेडक्रस सोसाइटी, | आषाढ |
| | सूचना विश्लेषणका लागि सम्पर्क व्यक्ति तोक्ने | १ पटक | जिल्ला दवीप्रकोप उद्धार समिति | जेष्ठ |
| | स्थानीय स्तरमा आपतकालीन कोष अभिबृद्धिका लागि पहल गने | आवश्यकता अनुसार | जिल्ला दवीप्रकोप उद्धार समिति | नियमित रुपमा |
| | पूवसूचना प्रणालीको स्थापना गने | १ पटक उच्च जोखिममा रहेका क्षेत्रहरुमा | जिल्ला दवीप्रकोप उद्धार समिति, नेपाल सेडक्रस सोसाइटी, केयर नेपाल | आषाढ |
| | प्रभावकारी प्रतिकायका लागि सामाग्री भण्डारण गन समन्वय गने | आवश्यकता अनुसार | जिल्ला दवीप्रकोप उद्धार समिति, नेपाल रेडक्रस सोसाइटी,केयर | जेष्ठ/आषाढ |
| | जनचेतनामूलक गतिबिधिहरु संचालन गने | आवश्यकता अनुसार | जिल्ला दवीप्रकोप उद्धार समिति, यस क्षेत्रका सब सदस्यहरु | नियमित रुपमा |
| | अनुगमन टोली गठन गरी अभिमखिकरण गर्ने | १ पटक | जिल्ला दवीप्रकोप उद्धार समिति | आषाढ |
| | बहुक्षेत्रीय प्रारम्भिक द्रुत लेखाजोखा (MIRA) को लागि आवश्यक पर्ने सब पूर्वतयारीहरु ( स्वयंसेवकहरुको टोली गठन, तालीम संचालन, आवश्यक फारामहरुको तयारी आदि) गने र अन्य बिषयगत क्षेत्रलाइ समेत गर्न लगाउने | १ पटक | जिल्ला दवीप्रकोप उद्धार समिति | आषाढ |
| | समिक्षा बठकको अयोजना गने | २ पटक | जिल्ला दवीप्रकोप उद्धार समिति, नेपाल रेडक्रस सोसाइटी | असोज, फागुन |
| | विपद् पूवतयारी तथा प्रतिकाय् शर्ष ज्ञ्जना अध्यावधिक गर्नका लागि बठक गने | आवश्कता अनुसार | जिल्ला दवीप्रकोप उद्धार समिति | र्चत्र |
| खोज तथा उद्धार | समन्वय बठकको अयोजना गने | ३ पटक | जिल्ला दवीप्रकोप उद्धार समितिको समन्वयमा जिल्ला | आषाढ देखि भाद्र सम्म |
| | खोज तथा उद्धारको लागि QRT गठन गर्ने | उच्च जोखिममा रहेका गा.बि.स.हरु र जिवि.मा १ पटक | जिल्ला प्रहरी कायालय | जेष्ठ |
| | खोज तथा उद्धार तालीम संचालन गने | ५० जना | जिल्ला प्रहरी कायालय | आषाढ |
| | प्राथमिक उपचार कायदल गठन | प्रत्येक | नेपाल रेडक्र | आषाढ |

| | | | | |
|---|---|---|---|---|
| | गने | गा.बि.स. र न.पा.मा १ पटक | सोसाइटी | |
| | प्राथमिक उपचार तालीम संचालन गने | ५० जना | नेपाल रेडक्र सोसाइटी, जिल्ल स्वास्थ्य कायालय | आषाढ |
| | खोज तथा उद्धार सामाग्री भण्डारण गने | १ पटक | जिल्ला दवीप्रकोप उद्धार समिति, जिल्ला प्रहरी कायालय | आषाढ |
| | सुरक्षित स्थानको पहिचान गने | १० ओटा | जिल्ला दवीप्रकोप उद्धार समिति, जिल्ला प्रहरी कायालय | जेष्ठ |
| | पूवअभ्यास गने | २ पटक | जिल्ला प्रहरी कायालय | आषाढ, माघ |
| आपतकालीन आवास तथा र खाद्य सामाग्री | समन्वय बठकको आयोजना गने | आवश्यकता अनसार | नेपाल रेडक्र सोसाइटी | नियमित रुपमा |
| | सरोकारवालाहरुको क्षमता तथा स्रोत नक्साङ्कन गने | १ पटक | नेपाल रेडक्र सोसाइटी, यस क्षेत्रका सदस्यहरु | ऋाषाढ |
| | विपद्बाट प्रभावित परिवारका लागि गह्र खाद्य सामाग्रीको भण्डारण गने | कम्तिमा २०० परिवारका लागि | नेपाल रेडक्र सोसाइटी, अक्सफाम | आषाढ |
| | Strategic Location मा गोदाम घरको स्थापना/निमाण गरी व्यवस्थापन गने | जिल्ला सदरमुकाममा एक तथा जोखिमयुक्त क्षत्रका तीन गा.बि.स.हरु | नेपाल रेडक्र सोसाइटी, अक्सफा विपद्को क्षेत्रमा का गने अन्य INGO हरु | जेष्ठ देखि असोज सम्म |
| | आपतकालीन आवासको लागि आवश्यक स्रोत, साधन तथा सामाग्रीको व्यवस्थापन गर्ने | आवश्यकता अनुसार | नेपाल रेडक्र सोसाइटी, अक्सफा विपद्को क्षेत्रमा का गने अ NGO/INGO हरु | नियमित रुपमा |
| | स्वयंसेवकहरुको राहत टोली गठन गरी अभिमुखिकरण गने | १ पटक | नेपाल रेडक्र सोसाइटी | आषाढ |
| स्वास्थ्य तथा पोषण | समन्वय बठकको आयोजना गने | ३ पटक | जिल्ला स्वास्थ कायालय | जेष्ठ, आषाढ, श्रावण |
| | सरोकारवालाहरुको क्षमता तथा स्रोत नक्साङ्कन गर्ने | १ पटक | जिल्ला स्वास्थ कार्यालय, क्षेत्रक सदस्यहरु | ऋाषाढ |
| | जिल्ला स्तरमा RRT गठन गरी अभिमुखिकरण गर्ने | १ पटक | जिल्ला स्वास्थ कायालय | जेष्ठ |
| | कम्तिमा उच्च जोखिममा रहेका गा.बि.स.हरुमा समेत RRT/CRRT गठन गरी अभिमुखिकरण गने | न.पा. र अन्य जोखिमयुक्त गा.बि.स.हरु | जिल्ला स्वास्थ कायालय | जेष्ठ |
| | सम्भाव्य प्रकोपको रोकथाम तथा नियन्त्रणका लागि आवश्यक पने स्रोत साधनको नक्साङ्कन गरी | इलाका स्तरीय स्वास्थ्य | जिल्ला स्वास्थ कायालय | नियमित रुपमा |

| | | | | |
|---|---|---|---|---|
| | स्वास्थ्य संस्थाहरुमा Buffer Stock राख्ने | केन्द्रहरुमा | | |
| | आपतकालीन् अवस्थाका लागि आवश्यक आषधी भण्डारण गर्ने | जिल्ला स्तरमा आवश्यकता अनुसार | जिल्ला स्वास्थ कायालय | नियमित रुपमा |
| | स्वास्थ्य शिविर संचालन गन आवश्यक पर्ने सुरक्षित स्थानको छनाट तथा सामाग्रीहरुको व्यवस्थापन गर्ने | आवश्यकता अनुसार | जिल्ला स्वास्थ कायालय, स्वास्थ क्षेत्रका अन्य सदस्यहरु | ऋाषाढ |
| | FCHVs परिचालन गरी स्वास्थ्य सम्बन्धी सचेतना कायक्रमहरु संचालन गर्ने | आवश्यकता अनुसार | जिल्ला स्वास्थ कायालय | नियमित रुपमा |
| | जिल्ला अस्पतालको आपतकालीन योजना निर्माण/अध्यावधिक गर्ने | १ पटक | जिल्ला स्वास्थ कायालय | जेष्ठ |
| खानेपानी, सरसफाइ र स्वच्छता प्रबद्धन | समन्वय बठकको आयोजना गने | ४ पटक | D-WASH-CC | जेष्ठ देखि भाद्र सम्म |
| | सरोकारवालाहरुको क्षमता तथा स्रोत नक्साङ्कन गर्ने | १ पटक | D-WASH-CC | जेष्ठ |
| | जोखिमपूर्ण क्षेत्रको पहिचान तथा क्षमताको विश्लेषण गर्ने | १ पटक | WASH Cluster Members | आषाढ |
| | खानेपानी, सरसफाइ र स्वच्छता प्रबर्द्धनका सामाग्री तथा स्रोतको व्यवस्था गर्ने | १ पटक | WASH Cluster Members | आषाढ |
| | जिल्ला स्तरमा QRT गठन गरी अभिमुखिकरण गर्ने | १ पटक | D-WASH-CC | जेष्ठ |
| | कम्तिमा उच्च जोखिममा रहेका गा.बि.स.हरुमा समेत QRT गठन गरी अभिमखिकरण गर्ने | ४ ओटा | V-WASH-CC | आषाढ |
| | खानेपानी, सरसफाइ र स्वच्छता प्रबर्द्धन सम्बन्धी जनचेतनामुलक गतिबिधिहरु संचालन गर्ने | ३ पटक | WASH Cluster Members | जेष्ठ देखि भाद्र सम्म |
| | उच्च जोखिममा रहेका गा.बि.स.हरुमा स्वयंसेवकहरुको टोली गठन गरी खानेपानी, सरसफाइ र स्वच्छता प्रबद्धन सम्बन्धी तालीम संचालन गर्ने | १ पटक | V-WASH-CC, DSSWO, NRCS | आषाढ |
| | V-WASH-CC लाइ सक्रिय बनाउन अभिमूखिकरण गरी जिम्मेवारी दिने | १ पटक | D-WASH-CC | आषाढ |
| खाद्य सुरक्षा त जीविकोपार्जन | समन्वय बठकको आयोजना गने | आवश्यकता अनुसार | जिल्ला कृषि बिका कायालय | आषाढ, श्रावण र भाद्र |
| | आपतकालीन अवस्थामा आवश्यक पर्ने तयारी खाना तथा खाद्य सामाग्रीको परिमाणको हिसाब गर्ने | आवश्यकता अनुसार | जिल्ला कृषि बिका कायालय, उद्यो बाणिज्य सं अक्सफाम,केयर नेपाल | आषाढ, श्रावण र भाद्र |
| | सरोकारवालाहरुको क्षमता तथा | आवश्यकता | जिल्ला कृषि बिका | आषाढ, श्रावण |
| | स्रोत नक्साङ्कन गने | अनुसार | कायालय, अक्सफाम | र भाद्र |

| | | | | |
|---|---|---|---|---|
| | उच्च जोखिमपूर्ण गा.बि.स.हरुको नक्साङ्कन गर्ने | | जिल्ला कृषि बिकास कार्यालय, अक्सफाम | आषाढ, श्रावण र भाद्र |
| | जलवायु परिवर्तनबाट खाद्य सुरक्षा तथा जीविकोपार्जन क्षेत्रमा पर्ने असरबारे अभिमुखिकरण संचालन गर्ने | | जिल्ला कृषि बिकास कार्यालय, जिल्ला पशु सेवा कार्यालय, अक्सफाम | आवश्यकता अनुसार |
| | खाद्य सामाग्री भण्डारणका लागि स्थान तथा गोदामको छनौट गर्ने | १ पटक | उद्योग वाणिज्य संघ | आषाढ |
| आपतकालीन शिक्षा | समन्वय बैठकको आयोजना गर्ने | २ पटक | जिल्ला शिक्षा कार्यालय | आषाढ, चैत्र |
| | सरोकारवालाहरुको क्षमता तथा स्रोत नक्साङ्कन गर्ने | २ पटक | जिल्ला शिक्षा कार्यालय, शिक्षा क्षेत्रका सदस्यहरु | आषाढ र चैत्रको पहिलो हप्ता |
| | आपतकालीन शिक्षा व्यवस्थापन कार्यदल गठन गरी अभिमुखिकरण गर्ने | १ पटक | जिल्ला शिक्षा कार्यालय, शिक्षा क्षेत्रका सदस्यहरु | ऋाषाढको अन्तिम हप्ता |
| | कम्तिमा उच्च जोखिममा रहेका गा.बि.स.हरुमा मानवीय तथा अन्य स्रोत समेतको रोष्टर निर्माण गर्ने | १ पटक | जिल्ला शिक्षा कार्यालय, शिक्षा क्षेत्रका सदस्यहरु | जेष्ठको अन्तिम हप्ता |
| | विद्यालय स्तरमा भूकम्पीय तथा विपद् जोखिम न्यूनिकरण सम्बन्धी चेतनामूलक गतिबिधिहरु संचालन गर्ने | ६ पटक | जिल्ला शिक्षा कार्यालय, शिक्षा क्षेत्रका सदस्यहरु, श्रोत केन्द्रहरु, | बैशाख देखि प्रत्येक दुइ महिनामा |
| | विपद् जोखिम न्यूनिकरण सम्बन्धी IEC सएतग्रीँध व्यवस्थापन गर्ने | ३ स्थान | जिल्ला शिक्षा कार्यालय, | आषाढ मसान्त ाष्त्र |
| | अस्थायी रुपमा बिद्यालय संचालन गर्नका लागि आवश्यक सामाग्री तथा स्रोतको व्यवस्था गर्ने | १ पटक | जिल्ला शिक्षा कार्यालय, शिक्षा क्षेत्रका सदस्यहरु | ऋाषाढ |
| | भूकम्प प्रतिरोधात्मक विद्यालय भवन निर्माण गर्न आवश्यक सचेतनामूलक गतिबिधिहरु संचालन गर्ने | २ पटक | जिल्ला शिक्षा कार्यालय, शिक्षा क्षेत्रका सदस्यहरु | द्योस्रो र तेस्रो चामासिकको समयमा |
| पुनस्थापन,पुननिर्माण तथा सामाग्री व्यवस्थापन | समन्वय बैठकको आयोजना गर्ने | ४ पटक | जिल्ला बिकास समिति | जेष्ठ, श्रावण, कार्तिक, माघ |
| | जिल्ला तथा स्थानीय स्थानिय सरोकारवालाहरुको क्षमता तथा स्रोत नक्साङ्कन गर्ने | २ पटक | जिल्ला बिकास समिति, यस क्षेत्रका सदस्यहरु | ऋसोज, ढत्र |
| | पुनस्थापन तथा पुनर्निर्माणको लागि स्थानको पहिचान गर्ने | १ पटक | जिल्ला बिकास समिति | आषाढ |
| | संकटासन्न गा.बि.स.को सामाजिक नक्शा बनाउने | ६ गाबिसको समिक्षा गर्ने र १४ गाबिसको सामाजिक नक्सांकन गर्ने | जिल्ला बिकास समिति, यस क्षेत्रका सदस्यहरु | २०७० को आषाढ भित्र |

| | | | | |
|---|---|---|---|---|
| | विपद् जोखिम न्यूनिकरणलाइ स्थानीय तह देखि विकासको योजनामा मूलप्रवाहीकरण गर्ने | ५ गाबिस | जिल्ला बिकास समिति, गा.बि.स., यस क्षेत्रका सदस्यहरु | फाल्गुन |
| | भत्केका संरचनाहरुको पुनस्थापन तथा पुर्ननिर्माणका लागि समन्वय गर्ने | आवश्यकता अनुसार | जिल्ला बिकास समिति, जिल्ला दवीप्रकोप उद्धार समिति | निरन्तर |
| | आपतकालीन अवस्थामा आवश्यक पर्ने औजार, उपकरण र सामाग्रीहरुको व्यवस्थापन तथा भण्डारण गर्ने | आवश्यकता अनुसार | जिल्ला बिकास समिति | निरन्तर |
| संरक्षण | समन्वय बठकको आयोजना गने | आवश्यकता अनसार | महिला तथा बालबालिका कार्यालय | निरन्तर |
| | सम्भावित जोखिम क्षेत्रको आधाररेखा सूचना (Baseline Information) तथा तथ्याङ्क संकलन गर्ने | १ पटक | महिला तथ बालबालिका कार्यालय | आषाढ |
| | जिल्ला तथा गा.बि.स. स्तरमा क्षेत्रगत सदस्यहरुको क्षमता र स्रोतको पहिचान तथा विश्लेषण गने | १ पटक | महिला तथ बालबालिका कार्यालय, संरक्षण क्षेत्रका सदस्यह | ऋाषाढ |
